## त्रिभुवन विश्वविद्यालय

# एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८०

**पारित मितिः** २०८०/३/२६

(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. २१७३)

त्रिभुवन विश्वविद्यालय

**त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय**

**२०८०**

# त्रिभुवन विश्वविद्यालय
# एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८०

प्राज्ञिक लेखनमा देखापरेका साहित्यिक चोरीको समस्या समाधान गरी अध्ययन अनुसन्धान कार्यलाई थप व्यवस्थित, मर्यादित र नियमित गरी विश्वविद्यालयको बौद्धिक उन्नयन कार्यमा सहयोग गर्नका लागि त्रि.वि. सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को विनियम ३९७ ले दिएको अधिकार प्रयोग गरी त्रि.वि. कार्यकारी परिषद्‌ले यी विनियमहरू बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो विनियमको नाम "त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८०" रहेको छ।

(२) यो विनियम तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा,

(क) "अध्ययन संस्थान/सङ्काय" भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका अध्ययन संस्थान/सङ्काय सम्झनुपर्छ ।

(ख) "अनुसन्धान केन्द्र" भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका अनुसन्धान केन्द्रहरू सम्झनुपर्छ ।

(ग) "अन्य निकाय" भन्नाले त्रिभुवन विश्वविद्यालय बाहेकका निकायहरू सम्झनुपर्छ।

(घ) "एक प्रतिशत साधारण स्रोत म्याच" भन्नाले शोधपत्र तथा लेख रचना तयार गर्ने क्रममा विभिन्न अनलाइन स्रोतहरूसँगको एक अनलाइन साइटमा एक प्रतिशतसम्मको म्याच सम्झनुपर्छ।

(ङ) "कार्यकारी परिषद्" भन्नाले त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद् सम्झनुपर्छ।

(च) "केन्द्रीय पुस्तकालय" भन्नाले त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय सम्झनुपर्छ

(छ) "क्याम्पस" भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका आङ्गिक क्याम्पसहरू सम्झनुपर्छ। यस शब्दले सम्बन्धन प्राप्त क्याम्पसलाई समेत जनाउँछ।

(ज)"डकुमेन्ट" भन्नाले प्लेजारिजम परीक्षणका लागि प्राप्त पुस्तक, शोधपत्र, अनुसन्धानात्मक लेख तथा अन्य लेख रचना साथै प्लेजारिजम परीक्षण पछिको रिपोर्टसमेतलाई सम्झनु पर्दछ।

(झ) "डीन कार्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका डीन कार्यालयहरू सम्झनुपर्छ।

(ञ) "दश शब्दसम्मको म्याच" भन्नाले शोधपत्र तथा लेख रचना तयार गर्ने क्रममा विभिन्न अनलाइन स्रोतहरूसँग एउटा वाक्यमा आर्टीकल बाहेकको दश शब्दसम्मको म्याचलाई सम्झनुपर्छ।

(ट) "निकाय" त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पस/कार्यालय/निर्देशनालय/स्कुल/विभाग केन्द्रहरू आदि सम्झनुपर्छ।

(ठ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र सम्झनुपर्छ

(ड) "विनियम" भन्नाले त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालनसम्बन्धी विनियम, २०८० सम्झनुपर्छ ।

(ढ) "विभाग" भन्नाले त्रिभुवन विश्वविद्यालयका केन्द्रीय विभागहरू सम्झनुपर्छ। यस शब्दले डीन कार्यालयअन्तर्गत सञ्चालित कीर्तिपुरमा अवस्थित विभाग र कार्यक्रमलाई समेत जनाउँछ।

(ण) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनुपर्छ।

(त) "सफ्टवेयर" भन्नाले एण्टी प्लेजारिजम सफ्टवेयर सम्झनुपर्छ।

## परिच्छेद २
## एण्टी प्लेजारिजम सफ्टवेयर प्रयोग सम्बन्धमा

**३. त्रिभुवन विश्वविद्यालयमा एण्टी प्लेजारिजम सफ्टवेयर प्रयोग हुनेः** (१) त्रिभुवन विश्वविद्यालयमा अनुसन्धानात्मक वौद्धिक कार्यमा आवश्यकताअनुसार प्लेजारिजम परीक्षण गरिनेछ।

(२) उप विनियम १ बमोजिमको कार्यका लागि विश्वविद्यालयले एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन गर्नेछ।

(३) प्लेजारिजम सफ्टवेयरको दैनिक कार्यसम्पादन तथा व्यवस्थापनको जिम्मेवारी केन्द्रीय पुस्तकालयको हुनेछ।

**४. युजर आइ.डी. (User ID) वितरणः** (१) विश्वविद्यालयका सम्पूर्ण निकायहरूलाई आवश्यकता अनुसार तोकिएको शिक्षक विद्यार्थी अनुपातको आधारमा एण्टी प्लेजारिजम सफ्टवेयरको युजर आइ.डी. **(User ID)** वितरण गरिनेछ ।

(२) उप विनियम १ बमोजिमको युजर आइ.डी. का लागि निकायहरूले केन्द्रीय पुस्तकालयमा प्रयोगकर्ताको अफिसियल इमेल सहित आधिकारिक रूपमा माग गर्नु पर्नेछ ।

(३) विद्यार्थीका हकमा विद्यावारिधि तह, दर्शनाचार्य तह, स्नातकोत्तर तह तथा आवश्यकता अनुसार अन्य अनुसन्धानात्मक कार्यहरूलाई प्राथमिकतााका आधारमा युजर आइ.डी. वितरण गरिनेछ।

## परिच्छेद ३

## व्यवस्थापन समिति

**५. प्लेजारिजम सफ्टवेयर व्यवस्थापन समितिः** (१) त्रिभुवन विश्वविद्यालयमा प्लेजारिजम सफ्टवेयर चुस्त, दुरुस्त तथा प्रभावकारी ढङ्गले कार्यान्वयन, व्यवस्थापन, समन्वय, अनुगमन एवम् निरीक्षण र आवश्यकता अनुसार सल्लाह, सुझाव, परामर्श तथा राय दिनका लागि देहायका सदस्यहरू रहेको केन्द्रीय स्तरमा एक प्लेजारिजम सफ्टवेयर व्यवस्थापन समिति रहनेछ ।

(क) केन्द्रीय पुस्तकालय प्रमुख — संयोजक

(ख) सूचना तथा प्रविधि नवप्रवर्धन केन्द्रमा कार्यरत शिक्षक, कर्मचारी वा सूचना तथा सञ्चार प्रविधि विज्ञमध्ये एक जना — सदस्य

(ग) त्रिभुवन विश्वविद्यालय अनुसन्धान केन्द्र वा त्रि.वि. पाठ्यक्रम विकास केन्द्रका शिक्षक, कर्मचारीमध्ये एक जना — सदस्य

(घ) त्रि.वि. का अध्ययन संस्थान तथा सङ्कायका अनुसन्धान व्यवस्थापन इकाईमध्येबाट शिक्षक एक जना — सदस्य

(ङ) संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना — सदस्य सचिव

(२) उपविनियम १) को (ख), (ग) र (घ) बमोजिमका सदस्यहरूको मनोनयन शिक्षाध्यक्षले गर्नेछ। मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(३) उप विनियम (१) बमोजिमको समितिको सचिवालय केन्द्रीय पुस्तकालयमा रहनेछ ।

**६. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** विनियम ५ बमोजिमको प्लेजारिजम सफ्टवेयर व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) त्रिभुवन विश्वविद्यालयमा एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक नीति नियम निर्माण गर्न आवश्यकताअनुसार सल्लाह सुझाव दिने,

(ख) त्रिभुवन विश्वविद्यालयका लागि आवश्यक प्लेजारिजम सफ्टवेयर छनोट गरी सिफारिस गर्ने,

(ग) प्लेजारिजम सफ्टवेयर व्यवस्थापन र सञ्चालन सम्बन्धी प्राविधिक कार्यहरूमा प्रभावकारी भूमिका निर्बाह गरी सहजीकरण गर्ने,

(घ) प्लेजारिजम सम्बन्धी आवश्यकताअनुसार तालिम, सेमिनार, गोष्ठी सञ्चालनमा सहयोग गर्ने,

(ङ) आवश्यकता र औचित्यका आधारमा निकायहरूका लागि युजर आई.डी. र डकुमेण्टको सङ्ख्या निर्धारण गर्ने,

(च) प्लेजारिजम सफ्टवेयरको सञ्चालन सम्बन्धमा शुल्क निर्धारण/पुनरावलोकन गर्न कार्यकारी परिषद् समक्ष सिफारिस गर्ने,

(छ) सफ्टवेयर कार्यान्वयनका सन्दर्भमा आएका प्राविधिक समस्याहरू समाधान गर्न आवश्यक राय सल्लाह सुझाव सहित सिफारिस गर्ने,

(ज) प्लेजारिजम सम्बन्धी तोकिएका अन्य कार्यहरू गर्ने आदि।

**७. परीक्षणको जिम्मेवारी दिन सकिने:** (१) अध्ययन संस्थान-सङ्काय, अनुसन्धान केन्द्र, पाठ्यक्रम विकास केन्द्र, आङ्गिक क्याम्पस, केन्द्रीय विभाग लगायतका निकायमा प्लेजारिजम परीक्षणको जिम्मेवारी तत् तत् निकायमा अनुसन्धान कार्य गर्नका लागि गठित समितिलाई दिइनेछ।

(२) अनुसन्धान सम्बन्धी कार्य गर्ने समिति नभएका निकायमा निकाय प्रमुख वा निजले तोकेको व्यक्ति सो सम्बन्धमा जिम्मेवार हुनेछन्।

(३) उपविनियम (१) बमोजिम समितिको प्लेजारिजम सम्बन्धी काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) केन्द्रीय पुस्तकालयबाट प्राप्त लग—इन आई डी (Log in ID) मार्फत आफ्नो निकायका शिक्षक, विद्यार्थी तथा कर्मचारीका शोधपत्र, अनुसन्धानमुलक लेख रचना तथा लघु अनुसन्धान परीक्षण गर्ने,

(ख) प्लेजारिजम परीक्षणका लागि आवश्यकता र औचित्यका आधारमा शुल्क तोक्ने,

(ग) परीक्षण कार्य सम्पन्न भएपछि सोको रिपोर्ट सम्बन्धित व्यक्ति, शोधनिर्देशक वा आवश्यकताअनुसार निजले पेश गर्नु पर्ने संस्थामा इमेलमार्फत ७ (सात) दिन भित्र उपलब्ध गराउने,

(घ) उप विनियम ३ (ग) बमोजिमको रिपोर्टको आधारमा प्रमाणित प्रमाणपत्र सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउने,

(ङ) केन्द्रीय प्लेजारिजम व्यवस्थापन तथा सञ्चालन समितिसँग समन्वय गर्ने,

(च) आफ्नो निकायअन्तर्गत प्लेजारिजम परीक्षण सम्बन्धी कार्यक्रमहरू गर्न सहजीकरण गर्ने,

(छ) प्लेजारिजम सम्बन्धी तोकिएका अन्य कार्यहरू गर्ने।

(४) उपविनियम (१)बमोजिमको समितिले विश्वविद्यालय वा अन्य निकायका डकुमेन्टहरूलाई कार्यकारी परिषद्ले तोकेबमोजिमको शुल्क लिई परीक्षण गरी प्रमाणित गर्न सक्नेछ।

## परिच्छेद ४
## प्लेजारिजम परीक्षण

**८. प्लेजारिजम परीक्षण गरिने कार्यक्रमहरू:** (१) विद्यावारिधि, दर्शनाचार्य तथा स्नातकोत्तर तहका शोधप्रबन्ध र अनुसन्धान सम्बन्धी प्रतिवेदनहरूको प्लेजारिजम परीक्षण अनिवार्य हुनेछ।

(२) उपविनियम (१) अनुसार प्राप्त शोधपत्र र अनुसन्धानहरूको अन्तिम मुल्याङ्कन कार्यमा प्लेजारिजम परीक्षणको प्रमाणपत्र /रिर्पोट अनिवार्य हुनेछ ।

(३) उपविनयम (१) मा उल्लेखित बाहेक अन्य तहका हकमा सम्बन्धित अध्ययन संस्थान÷सङ्काय वा सम्बन्धित निकायले तोकेअनुसार हुनेछ।

(४) लेख रचना प्रकाशन वा अन्य कार्यको प्लेजारिजम परीक्षण सन्दर्भमा सम्पादन समिति वा सम्बन्धित निकायले तोकेअनुसार हुनेछ।

९. **स्वघोषणा लिनु पर्ने:** (१) प्लेजारिजम परीक्षण गर्दा सफ्टकपी र हार्डकपीको विषयवस्तु एकै भएको सुनिश्चितता हुनु पर्नेछ।

(२) प्लेजारिजम परीक्षणका लागि प्राप्त डकुमेन्टको सफ्टकपी र हार्डकपीको विषयवस्तु एउटै रहेको सुनिश्चितता सम्बन्धित व्यक्ति वा संस्थाबाट अनुसूची १ अनुसार स्वघोषणा गर्नु पर्नेछ ।

(३) स्वघोषणा गरी पेश भएको डकुमेन्टको हार्डकपी र सफ्टकपीमा फरक भएमा परीक्षण गरिने छैन। कुनै व्यक्तिले फरक विवरण पेस गरी प्रमाणपत्र लिएको पाइएमा जहिले सुकै यस्तो प्रमाणपत्र रद्द गर्न सकिनेछ। त्यस्तो व्यक्तिलाई प्रचलित नियमानुसार कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सकिनेछ।

१०. **प्लेजारिजम परीक्षण नगरिने उपशीर्षक:** (१) विनियम ८ को उपविनियम (१) बमोजिम परीक्षण गर्दा डकुमेन्ट ढाँचा अनुसार कृतज्ञता ज्ञापन (Acknowledgement), संक्षिप्त शब्दसूची (List of abbreviations), विषयसूची (Table of contents), मन्तव्य (Foreword), उद्धरण (Quote), सन्दर्भ ग्रन्थसूची (Bibliography, References), फ्रेज (Phrase), दश शब्दसम्मको साधारण म्याच (Small Matches up to 10 words), १ प्रतिशतसम्मको साधारण स्रोत म्याच (Small sources match 1%) लाई परीक्षण गरिने छैन ।

(२) कुनै पनि अध्ययन संस्थान-सङ्काय, क्याम्पस, विभाग, अनुसन्धान केन्द्र, तथा निकायहरूले उपविनियम १ भन्दा नबढ्ने गरी आफू मातहतका निकायहरूमा मात्र लागु हुने गरी प्लेजारिजम परीक्षण नगरिने (Exclude) उपशीर्षकहरू तथा परीक्षणको विधि निर्धारण गर्न सक्नेछन् ।

११. **सेल्फ प्लेजारिजम (Self Plagiarism) सम्बन्धमा:** प्लेजारिजम परीक्षणका समयमा देहायको अवस्थाका सेल्फ प्लेजारिजमलाई परीक्षणमा गणना गरिने छैन।

(क) शोधकर्ताले शोधपत्र तयार गर्ने उद्देश्यले प्रकाशन गरेका लेख रचनाहरूबाट पुनः शोधपत्रमा साभार गरेको अवस्थामा,

(ख) डाटावेसमा प्रकाशन भइसकेको लेखमा सम्बन्धित प्रकाशन संस्थाले प्रतिलिपि अधिकार अनुसार लेख बन्द गरेको प्रमाणित भएको आधार पुष्टि भएमा सो श्रोतबाट प्राप्त साभार गरिएमा,

(ग) शोधकर्ताले एकल वा संयुक्त रूपमा प्रकाशन गरेका डकुमेन्टका विषयवस्तु पुनः शोधकार्यमा समावेश गरेको पाइएमा सो श्रोतबाट प्राप्त साभार गरिएमा।

१२. **प्लेजारिजम परीक्षणमा स्वीकार गर्न सकिने अवस्था:** (१) अन्य स्रोतसँग मिल्न गएमा प्लेजारिजम परीक्षण स्वीकार गर्न सकिने अवस्था देहायबमोजिम हुनेछ ।

(क) विद्यावारिधि तहका हकमा शोधपत्रमा समग्रमा समानता सूची १० प्रतिशतसम्म,

(ख) दर्शनाचार्य तहका हकमा शोधपत्रमा समग्रमा समानता सूची १५ प्रतिशतसम्म,

(ग) स्नातकोत्तर तहका हकमा शोधपत्रमा समग्रमा समानता सूची २० प्रतिशतसम्म,

(घ) लघु अनुसन्धानको हकमा अनुसन्धानमा समग्रमा समानता सूचि १५ प्रतिशत सम्म,

(ङ) अन्य अनुसन्धानको हकमा अनुसन्धानमा समग्रमा समानता सूचि १० प्रतिशत सम्म,

(च) अनुसन्धानात्मक लेख रचनाको हकमा समग्रमा १५ प्रतिशत वा सम्बन्धित संस्था, सम्पादक वा प्रकाशकले तोकेबमोजिम

(२) उपविनियम (१) बाहेक अन्य तहमा सम्बन्धित अध्ययन संस्थान/सङ्काय तथा सम्बन्धित संस्थाले परीक्षणका मापदण्ड तोक्न सक्नेछन्।

**१३. समकक्षताका लागि व्यवस्थाः** अन्य विश्वविद्यालयबाट उपाधि प्राप्त गरी समकक्षताका लागि आवेदन दिने व्यक्तिहरूको हकमा देहायबमोजिम हुनेछ।

(क) विश्वविद्यालयको स्तर (World University Ranking) मा १ देखि ५०० सम्म स्तर भएका विश्वविद्यालयबाट उपाधि प्राप्त व्यक्तिहरूको शोधपत्र वा रिपोर्टको प्लेजारिजम परीक्षण गरिने छैन। निजहरूको अन्य सबै प्रक्रिया पुगेको अवस्थामा शोधपत्रको प्लेजारिम परीक्षण नगरी समकक्षता प्रदान गरिनेछ।यसका लागि Times Higher Education को पछिल्लो Ranking लाई आधार बनाइनेछ।

(ख) नेपालका अन्य विश्वविद्यालय वा त्रिभुवन विश्वविद्यालयसँग समझदारीपत्रमा हस्ताक्षर भएका कुनै विश्वविद्यालयको मापदण्ड त्रिभुवन विश्वविद्यालयले तोकेकोभन्दा फरक रहेछ र सोही विश्वविद्यालयले प्लेजारिजम परीक्षण गरेको रहेछ भने सोही विश्वविद्यालयको मापदण्डको आधारमा समकक्षता प्रदान गरिनेछ।

(ग) समकक्षताका निमित्त प्लेजारिजम परीक्षण गर्ने यो प्रावधान त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ लागु भएको मिति २०७८/१०/२६ पछि प्राप्त उपाधिका शोधपत्र वा रिपोर्टमा लागु हुनेछ।

(घ) खण्ड (क) र (ख) बाहेकका उपाधि प्राप्त गरेकाहरूको हकमा समकक्षता प्रदान गर्नुपूर्व अनिवार्य रुपमा प्लेजारिजम परीक्षण गरिनेछ।

(ङ) खण्ड (घ) बमोजिम परीक्षण गर्दा विनियम १२ बमोजिमको समानता सूचि भएका शोधपत्रलाई स्वीकारयोग्य मानी समकक्षता प्रदान गरिनेछ।

(च) खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि विनियम १२ मा तोकिएभन्दा १० प्रतिशतसम्म बढी समानता सूचि भएका शोधपत्रको हकमा एक समिति बनाई छानबिन गरिनेछ। समितिले समकक्षता प्रदान गर्न उपयुक्त हुने राय दिएमा स्वीकार गरी समकक्षता प्रदान गर्न सकिनेछ।

## परिच्छेद ५
## प्लेजारिजम परीक्षण कार्यपद्दति

**१४. परीक्षण कार्य पद्धतिः** (१) प्लेजारिजम सफ्टवेयरमा परीक्षण प्रक्रिया देहायबमोजिम हुनेछ ।

(क) विनियम ४ (१) बमोजिम सफ्टवेयरको आधिकारिक रूपमा युजर आइ.डी. प्राप्त व्यक्तिले मात्र सफ्टवेयर लग—इन गर्न सक्नेछ।

(ख) सम्बन्धित निकायले सम्बन्धित व्यक्ति (सेवाग्राही) बाट सफ्टवेयरमा परीक्षण गर्नुपर्ने सामग्रीका साथ अनुसूची १ को ढाँचाअनुसार निवेदन लिनु पर्नेछ।

(ग) उपविनियम (१) खण्ड (ख) अनुसार निवेदनका साथ आवश्यकताअनुसार कार्यकारी परिषद्ले तोकेको शुल्क बुझाएको आधिकारिक प्रमाण पेश गर्नु पर्नेछ।

(घ) विनियम १० (१) बमोजिम सफ्टवेयरमा परीक्षण गर्नुपर्ने सामग्रीको प्रकृतिअनुसार आन्तरिक व्यवस्थापन मिलाएर मात्र परीक्षण गर्नु पर्नेछ।

(ङ) प्राप्त सामग्रीको ७ (सात) दिन भित्र परीक्षण कार्य सम्पन्न गरी सोको रिपोर्ट सम्बन्धित सेवाग्राही र उसले उक्त रिपोर्ट पेश गर्न चाहेको निकायमा इमेल गर्न सकिनेछ।

(च) परीक्षण गरिएको सामग्रीको रेकर्ड सफ्टवेयरमा ३० (तीस) दिनसम्म मात्र राखिनेछ।

(छ) सेवाग्राहीले एक पटक सफ्टवेयरमा परीक्षण गरिसकेको सामग्री संशोधन गरी पुनः परीक्षण गर्न चाहेमा पटकै पिच्छे नयाँ सामग्रीअनुसार उल्लेखित सम्पूर्ण प्रक्रिया अपनाउनु पर्नेछ ।

(ज) भौतिक रुपमा उपस्थित हुन नसक्ने सेवाग्राहीलाई उल्लेखित प्रक्रिया अनलाइनको माध्यमबाट गरेमा पनि प्लेजारिजम परीक्षण सेवा दिन सकिनेछ ।

(२) सम्बन्धित निकायले सफ्टवेयरमा परीक्षण गरिएको सामग्रीबाट प्राप्त रिपोर्टको विश्वसनीयता पुष्टि गर्न प्रमाणपत्र दिनु पर्नेछ ।

(क) शोधपत्रको अन्तिम मौखिक परीक्षा हुनु भन्दा अगाडी नै विनियम १२ अनुसार प्लेजारिजम परीक्षण गरी स्वीकृत भएको प्रमाणित डकुमेन्ट वा रिपोर्ट संलग्न गर्नु पर्नेछ ।

(ख) विश्वविद्यालयका हकमा विनियम १२ बमोजिम स्वीकारयोग्य सामग्रीलाई मात्र अनुसूची २ बमोजिम प्रमाणित पत्र वा रिपोर्ट दिइनेछ ।

(ग) अन्य निकायको हकमा विनियम १२ बमोजिम स्वीकारयोग्य नभएका सामग्रीहरूलाई सेवाग्राहीको माग अनुसार परीक्षणको रिपोर्ट दिन सकिनेछ।

**१५. युजर आइ. डी. बन्द वा निलम्बन गर्न सकिने अवस्थाः** (१) तपसिलको अवस्थामा प्लेजारिजम सफ्टवेयर प्रयोगकर्ताको युजर आइ. डी. बन्द वा निलम्बन गर्न सकिनेछ ।

(क) सम्बन्धित निकायबाट तोकिएका प्रयोगकर्ताको युजर आइ. डी. बन्द वा निलम्बन गर्नका लागि आधिकारिक पत्र प्राप्त भएको अवस्थामा ।

(ख) प्लेजारिजम सम्बन्धी कार्यविधि वा निर्देशिका उल्लङ्घन वा युजर आइ.डी. दुरुपयोग गरेको देखिएमा ।

(ग) विश्वविद्यालयबाट प्राप्त अधिकार भन्दा बढी डकुमेन्टहरू परीक्षण गरेको अवस्थामा ।

## परिच्छेद ६
## विविध

**१६. अनुगमन समितिः** (१) प्लेजारिजम सम्बन्धी कार्यको अनुगमन, निरीक्षण र विवाद समाधानका लागि देहाय बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| (क) शिक्षाध्यक्ष | संयोजक |
| (ख) डीनहरूमध्येबाट एकजना | सदस्य |
| (ग) सूचना प्रविधि विज्ञहरू मध्येबाट एकजना | सदस्य |
| (घ) केन्द्रीय पुस्तकालय प्रमुख | सदस्य सचिव |

(२) समितिको बैठकमा उजुरीसँग सम्बन्धित विषयका केन्द्रीय विभागका प्रमुख वा विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराइनेछ ।

(३) उपविनियम १) को (ख) र (ग) बमोजिमका सदस्यहरूको मनोनयन शिक्षाध्यक्षले गर्नेछ। मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(४) उप विनियम (१) बमोजिमको समितिको सचिवालय केन्द्रीय पुस्तकालयमा रहनेछ ।

(५) उपविनियम (१) बमोजिमको समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) कार्य सम्पादनका क्रममा आएका विवाद समाधान गर्ने,

(ख) प्लेजारिजमको सम्बन्धमा आएका उजुरी सुन्ने र किनारा लगाउने,

(ग) कुनै विषयमा छानबिन गरी टुङ्गोमा पुग्नुपर्ने भएमा छानबिन समिति गठन गर्ने,

(घ) प्लेजारिजम सफ्टवेयर व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने।

**१७. यूनिकोडको प्रयोग गर्नु पर्नेः** (१) यस विनियम लागु भएपछि देवनागरी लिपिमा लेखिने विश्वविद्यालयका शोधपत्रहरू यूनिकोडमा तयार गरी पेश गर्नुपर्नेछ।

(२) उपविनियम (१) अनुसारको शोधपत्रहरू यूनिकोडमा प्राप्त नभएमा परीक्षणमा समावेश गरिने छैन।

**१८. शुल्क सम्बन्धमाः** (१) प्लेजारिजम सफ्टवेयर सब्स्क्रीप्सन वार्षिक शुल्कका आधारमा हुने हुँदा सोको व्यवस्थापन निकायहरूको बीचमा शुल्क साझेदारीको आधारमा गरिनेछ ।

(२) विश्वविद्यालयका सम्पूर्ण निकायहरूलाई युजर आइ.डी. वितरणका आधारमा सफ्टवेयर प्रयोग शुल्क कार्यकारी परिषद्ले तोक्न सक्नेछ ।

(३) संस्था वा व्यक्तिले स्वतन्त्र रूपमा प्लेजारिजम परीक्षण गर्न चाहेमा केन्द्रीय पुस्तकालयबाट गरिनेछ। सोको शुल्क डकुमेन्टको प्रकृतिअनुसार कार्यकारी परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

**१९. खारेजी र बचाउः** (१) "त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७८" खारेज गरिएको छ।

(२) उपविनियम (१) मा उल्लेखित कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै विनियम बमोजिम भए गरेको मानिनेछ।

**२०. व्याख्या तथा बाधा अडकाउ फुकाउने व्यवस्थाः** यो विनियमको व्याख्या वा बाधा फुकाउने अधिकार विनियम १६ बमोजिमको समितिमा रहनेछ। यसरी व्याख्या गर्दा नीति र उद्देश्यमा असर पर्ने भएमा वा थप व्याख्या गर्नुपर्ने भएमा कार्यकारी परिषद्ले गर्नेछ।

***

**अनुसूची १**

(विनियम ९ को उपनियम (२) सँग सम्बन्धित)

**स्वघोषणा**

मितिः.........................

श्री ....................................

विषयः स्वघोषणा सम्बन्धमा ।

उपर्युक्त विषयमा यस क्याम्पस÷कार्यालय÷निकायमा प्लेजारिजम परीक्षण कार्यका लागि पेश गरेको तपसिल बमोजिमको डकुमेन्टको हार्डकपी र सफ्टकपीको विषयवस्तुमा कुनै फरक नभएको बेहोरा स्वघोषणा गर्दछु । यदि हार्डकपी र सफ्टकपीमा कुनै फरक भएमा झुटा बेहोरा पेश गरेको ठहर गरी प्रचलित नियमानुसार कारबाही भएमा सहने छु।

**तपसिल**

शोधकर्ताको नामः

डकुमेन्ट शीर्षकः

शैक्षिक तहः

डकुमेन्टको प्रकृतिः

डकुमेन्ट पेश गर्ने निकायः

इमेलः

मोवाइल नं.

हस्ताक्षरः

त्रिभुवन विश्वविद्यालय

Date:

To ..............................................

Subject: **Self-declaration.**

Dear Sir/Ma'am

I hereby affirm that there exists no disparity in the substance of the physical print and digital version of the document specified below, which has been submitted to this establishment for the purpose of undergoing a plagiarism examination. If any dissimilarity is discovered between the physical print and digital version, I am prepared to accept any consequences as per the established regulations.

**Details:**

Author Name:

Document Title:

Academic Level:

Document Type:

Submitted To:

Mobile no:

Email:

Signature:

त्रिभुवन विश्वविद्यालय

## अनुसूची २

(विनियम १४ को उपनियम (२) सँग सम्बन्धित)

## साहित्यिक चोरी परीक्षण रिपोर्ट

मितिः

श्री ...................... द्वारा मिति ................. मा साहित्यिक चोरी परीक्षणको लागि पेश गरेको '.......................... शीर्षकको ....................... तहको ............................ इथेन्टिकेट साहित्यिक चोरी परीक्षण सफ्टवेयरद्वारा जाँच गरिएको र सफ्टवेयरले निम्न मापदण्डहरूका आधारमा ......... प्रतिशतको समग्र समानता सूची भएको देखिन्छ ।

**मापदण्डहरूः**

उद्धरण (Quotes): समावेश नगरिएको (Excluded)

सन्दर्भ ग्रन्थसूची (Bibliography, References): समावेश नगरिएको (Excluded)

साधारण स्रोत म्याच (Sources Matches): १ प्रतिशत

शब्द म्याच (Words Matches): दश शब्दसम्म

सारसङ्क्षेप (Abstract): समावेश गरिएको (Included)

विधि र सामग्री (Methods and Materials): समावेश गरिएको (Included)

**नोटः** सफ्टवेयरमा आधारित यस रिपोर्टले लेखिएको विषयस्तुको गुणस्तर र मापदण्ड पूर्ण रूपमा मापन गर्न सक्दैन। लेखनको गुणस्तर, मापदण्ड, अनुसन्धान तथा शैक्षिक अखण्डता सुनिश्चित गर्नका लागि विज्ञबाट समेत समिक्षा गराउन सिफारिस गरिन्छ।

आधिकारिक हस्ताक्षर

त्रिभुवन विश्वविद्यालय

Date….

**Plagiarism Test Report**

The ……….. thesis/ dissertation/ article/ mini-research ………… titled '……………………..' submitted by ………………. for a plagiarism test on …………………., has been checked by the iThenticate plagiarism checker software. The software found an overall similarity index of ……….. based on the following criteria.

Criteria:

- Phrases : Excluded
- Quotes : Excluded
- Bibliography : Excluded
- Small Sources : Percentage (< 1 %)
- Small Match : Word Count (< 10 words)
- Abstract : Excluded
- Methods and Materials : Included

Note: Kindly be advised that the similarity index produced by software may not comprehensively reflect the caliber and criteria of the document. Consequently, it is highly advisable for the appropriate authority to manually assess the examined file to ascertain its adherence to the essential benchmarks of being articulate, well-investigated, and upholding academic integrity.

…………………………

Authorized Signature